
स्वतन्त्र विद्यार्थी युनियन

विश्वविद्यालय क्यामपस, त्रि. वि. कीर्तिपुर

Free Student Union

University Campus, TU. Kritipur

# वार्षिक प्रतिवेदन २०८२



**स्वतन्त्र विद्यार्थी युनियन**

विश्वविद्यालय क्याम्पस, कीर्तिपुर काठमाडौँ

# स्वतन्त्र विद्यार्थी युनियन

विश्वविद्यालय क्यामपस, त्रि. वि. कीर्तिपुर

# Free Student Union

University Campus, TU. Kritipur

**President**
**Deepak Raj Joshi**
**9848611541**

**Vice President**
**Sanam Oli**
**9844904359**

**Secretary**
**Hikmat Kumar Budha**
**9868005910**

**Asst. Secretary**
**Saugat Adhikari**
**9813480574**

**Treasurer**
**Sancha Maya Subba**
**9806005273**

## Members

Rekha Tiwari
98444681193
Nikita Uprety
9824978428
Shishir Bikram K.C
9862569735
Kalpana Khatiwada
9862748317
Dammar Singh Aldi
9748887088
Hridaya Prasad Sapkota
9869829414
Tej Prakash Sanjyal
9748863257
Prakash Chhetri
9821476174

Durga Joshi
9862271841
Saurav Koirala
9824124991
Pasang Kipa Sherpa
9840993371
Kusum Lama
9803922911
Saurav Kumar Karki
9861319826
Kul Bahadur Budha
9866212243
Pradip Karki
9869355231
Lok bahadur chayada
9865802995

बिषयसूची

**१. भूमिका (Foreword / Message)** ........ 4

**१.१ अध्यक्षको सन्देश (Message from the President)** ........ 5

**१.२ विद्यार्थी आन्दोलन, जिम्मेवारी र प्रतिबद्धता (Student Movement, Responsibility, and Commitment)** ........ 5

**१.३ समग्र वर्षको संक्षिप्त समीक्षा (Brief Review of the Overall Year)** ........ 6

**२.१ स्थापना र ऐतिहासिक पृष्ठभूमि र भुमिका (Establishment, Historical Background, and Role)** ........ 7

**२.२ स्ववियुको उद्देश्य र कानुनी आधार (Objectives and Legal Basis of the Free Student Union)** ........ 7

**२.४ वर्तमान परिवेशमा स्ववियुको भूमिका (Role of the FSU in the Present Context)** ........ 8

**३. वर्षभरिका प्रमुख उपलब्धिहरू (Major Achievements)** ........ 10

**३.१ शैक्षिक एवं प्रशासनिक सुधार (Academic and Administritive Improvements)** ........ 10

**३.२ नीतिगत पहल (Policy Interventions)** ........ 11

**३.६ सामाजिक कार्य (Social Work)** ........ 14

**३.७ संस्थागत प्रतिष्ठा अभिवृद्धि (University Prestige Enhancement)** ........ 14

**४. आर्थिक प्रतिवेदन (Financial Report)** ........ 15

**४.१ प्रारम्भिक अवस्था (Opening Balance)** ........ 15

**४.२ चालु आर्थिक वर्षको आम्दानी (Income)** ........ 16

**४.३ कुल उपलब्ध रकम (Total Fund Available** ........ 16

**४.४ कुल खर्च (Total Expenditure)** ........ 16

**४.५ हालको मौज्दात (Current Balance)** ........ 17

**४.६ बैंक तथा नगद विवरण (Bank and Cash Position)** ........ 17

**४.७ अन्य विवरण** ........ 17

**४.८ निष्कर्ष** ........ 17

**५. चुनौतीहरू (Challenges)** ........ 18

**७. सिकाइ (Lessons Learned)** ........ 19

**९. निष्कर्ष (Conclusion)** ........ 20

**१०. धन्यवाद ज्ञापन (Acknowledgement)** ........ 21

# १. भूमिका (Foreword / Message)

प्रतिवेदन/कार्ययोजना प्रस्तुत गर्दै विद्यार्थीहरूको हक–हित संरक्षण, भौतिक पुर्वाधार, शैक्षिक एवं प्रशासनिक सुधार तथा संस्थागत विकासका लागि गरिएका विविध पहल, कार्यक्रम र गतिविधिहरूको समग्र विवरण यहाँ प्रस्तुत गरिएको छ।

विद्यार्थीहरूको वैधानिक प्रतिनिधिमूलक निकायका रूपमा स्ववियुले शैक्षिक, प्रशासनिक, भौतिक पूर्वाधार, खेलकुद, अनुसन्धान तथा अतिरिक्त क्रियाकलापका क्षेत्रमा समावेशी, पारदर्शी र उत्तरदायी भूमिका निर्वाह गर्दै आएको छ। विद्यार्थीहरूको समस्या, माग र सरोकारलाई सम्बोधन गर्दै विश्वविद्यालयलाई अझ प्रभावकारी, विद्यार्थीमैत्री र प्रगतिशील बनाउने दिशामा निरन्तर प्रयास गरिएको छ।

यस प्रतिवेदनमार्फत विगत अवधिमा सम्पन्न प्रमुख कार्यक्रमहरू, हासिल उपलब्धिहरू, सामना गरिएका चुनौतीहरू तथा आगामी कार्यदिशासहितका योजनाहरू संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

## १.१ अध्यक्षको सन्देश (Message from the President)

आदरणीय प्रिन्सिपल ज्यू, प्राध्यापकहरू, कर्मचारीहरू तथा प्रिय विद्यार्थी साथीहरू,

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु), विश्वविद्यालय क्याम्पस, कीर्तिपुरको तर्फबाट यस वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्त गर्व र जिम्मेवारीबोधको अनुभूति गरेका छौं। यो प्रतिवेदन केवल वर्षभरि सम्पन्न भएका कार्यक्रमहरूको विवरण मात्र नभई, विद्यार्थी हकहितका लागि गरिएको संघर्ष, प्रयास र प्रतिबद्धताको प्रतिबिम्ब पनि हो।

गत वर्षभरि स्ववियुले विद्यार्थीहरूको आवाजलाई सशक्त रूपमा उठाउँदै शैक्षिक एवं प्रशासनिक सुधार, पूर्वाधार विकास तथा विद्यार्थीमैत्री वातावरण निर्माणका लागि निरन्तर सुधारका काम गरेको छ। क्याम्पस प्रशासनसँग सहकार्य गर्दै आवश्यक ठाउँमा रचनात्मक दबाब सिर्जना गरी विद्यार्थीका समस्याहरू समाधान गर्ने प्रयास गरेका छौं।

यस यात्रामा हामीले केही महत्वपूर्ण उपलब्धिहरू हासिल गरेका छौं भने केही चुनौतीहरूको पनि सामना गरेका छौं। यी सबै अनुभवहरूले हामीलाई अझ परिष्कृत,परिपक्व, जिम्मेवार र दृढ बनाएको छ। आगामी दिनमा पनि विद्यार्थीहरूको भरोसालाई कायम राख्दै अझ प्रभावकारी ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।



दिपक राज जोशी

अध्यक्ष

स्वतन्त्र विद्यार्थी युनियन

विश्वविद्यालय क्याम्पस, कीर्तिपुर

## १.२ विद्यार्थी आन्दोलन, जिम्मेवारी र प्रतिबद्धता (Student Movement, Responsibility, and Commitment)

नेपालको विद्यार्थी आन्दोलनले ऐतिहासिक रूपमा लोकतन्त्र, समानता र न्यायका लागि महत्वपूर्ण भूमिका खेलेको छ। यस परम्परालाई निरन्तरता दिँदै स्ववियु केवल एक विद्यार्थीहरुको साझा मञ्च मात्र नभई विद्यार्थीहरूको अधिकार र पहिचानको प्रतीकको रूपमा स्थापित भएको छ।

स्ववियुको प्रमुख जिम्मेवारीहरू निम्नानुसार रहेका छन्:

- विद्यार्थीहरूको हकहितको संरक्षण र प्रवर्द्धन
- शैक्षिक गुणस्तर सुधारका लागि पहल
- क्याम्पस प्रशासनलाई उत्तरदायी र पारदर्शी बनाउन दबाब सिर्जना
- विद्यार्थीहरूबीच एकता, सहकार्य र नेतृत्व विकास

स्ववियुले आफ्नो भूमिकालाई केवल माग राख्ने संस्थासम्म सीमित नराखी समाधान खोज्ने, सहकार्य गर्ने र दीर्घकालीन सुधार ल्याउने दिशामा अघि बढाएको छ। यसले विद्यार्थीहरूलाई केवल अधिकारको उपभोगकर्ता नभई जिम्मेवार नागरिकको रूपमा विकास गर्न प्रेरित गरेको छ।

हामी विद्यार्थी आन्दोलनलाई सकारात्मक, रचनात्मक र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं। आन्दोलनको नाममा अराजकता होइन, सुधारको मार्गमा सहकार्य र संवादलाई प्राथमिकता दिने हाम्रो नीति रहेको छ।

### १.३ समग्र वर्षको संक्षिप्त समीक्षा (Brief Review of the Overall Year)

प्रतिवेदन अवधिभर स्ववियुले विभिन्न क्षेत्रहरूमा सक्रिय रूपमा काम गरेको छ। मुख्य उपलब्धिहरूलाई संक्षेपमा उल्लेख गर्दा:

- शैक्षिक एवं प्रशासनिक क्षेत्रमा: शैक्षिक क्यालेन्डर लागु, प्रविधिमैत्री, उत्तरदायी एव पारदर्शी प्रशासन, पनिका सेवामा विकेन्द्रिकरण तथा विभिन्न शैक्षिक कार्यक्रम (वर्कशप, सेमिनार) सञ्चालन
- नीतिगत क्षेत्रमा: विद्यार्थीमैत्री नीतिहरूका लागि प्रशासनसँग संवाद र सहकार्य, शुल्क पुनर्मुल्याङ्कन समिति, छात्रवृत्ति निर्देशिका संसोधन
- पूर्वाधार क्षेत्रमा: सरसफाइ,खानेपानी तथा इन्टरनेट सुविधा, सडक, सडक पेटी, शौचालय, सडकवत्ती, CCTV जडान, छात्रवास लगायतको क्षेत्रको स्तरउन्नति, अपाङ्गमैत्री भौतिक संरचना निर्माण, विश्वविद्यालय सौन्दर्यकरण अभियान
- विद्यार्थी कल्याणमा: छात्रवृत्ति सहयोग,विद्यार्थीहरुद्वारा आयोजित कार्यक्रममा सहयोग, स्वास्थ्य शिविर कार्यक्रम, फरक क्षमता भएका विद्यार्थिहरुलाई निशुल्क छात्रवृत्ति कार्यन्वयन, प्रादेशिक अस्पतालबाट विद्यार्थिहरुले पाउने स्वास्थ्य विमा कार्यन्वयनमा पहल
- अतिरिक्त क्रियाकलापमा: खेलकुद प्रतियोगिता तथा नेतृत्व विकास कार्यक्रम

यद्यपि, बजेट अभाव, प्रशासनिक ढिलासुस्ती, तथा सीमित स्रोतसाधन जस्ता चुनौतीहरूले केही योजनाहरू पूर्ण रूपमा कार्यान्वियन गर्न कठिनाइ उत्पन्न गरेका छन्।

समग्र रूपमा हेर्दा, स्ववियुले उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्दै उल्लेखनीय कार्यहरू सम्पन्न गरेको छ। आगामी दिनमा यी अनुभवहरूलाई आधार मानी अझ प्रभावकारी योजना र कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## २. परिचय (Introduction)

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) नेपालको विश्वविद्यालय तथा क्याम्पसहरूमा विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने एक साझा संस्था हो। यसको स्थापना विद्यार्थीहरूको अधिकार सुनिश्चित गर्ने, उनीहरूको आवाजलाई संस्थागत गर्ने तथा शैक्षिक वातावरणलाई सुधार गर्ने उद्देश्यले गरिएको हो।

विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा स्ववियुले विद्यार्थी र प्रशासनबीच सेतुको रूपमा काम गर्दै आएको छ। यसले विद्यार्थीका समस्या, गुनासा तथा सुझावहरूलाई सम्बन्धित निकायसम्म पुर्‍याउने मात्र नभई समाधानका लागि पहल गर्ने जिम्मेवारी पनि वहन गर्दछ।

स्ववियु शैक्षिक एवं प्रशासनिक सुदृढिकरणका लागि वौद्दिक विमर्श गर्ने र रचनात्मक कार्यक्रम एवं पहल गर्ने साझा मञ्च हो । विद्यार्थी प्रतिनिधित्व लोकतान्त्रिक प्रणालीको महत्वपूर्ण आधार हो। स्ववियु मार्फत विद्यार्थीहरूले आफ्नो सहभागिता सुनिश्चित गर्न पाउँछन्, जसले क्याम्पसमा उत्तरदायी, पारदर्शी र समावेशी वातावरण निर्माण गर्न मद्दत गर्दछ। यसले विद्यार्थीहरूलाई नेतृत्व विकास, जिम्मेवारीबोध तथा सामाजिक एवं राजनैतिक चेतनाको विकासमा पनि योगदान पुर्‍याउँछ।

### २.१ स्थापना र ऐतिहासिक पृष्ठभूमि र भुमिका (Establishment, Historical Background, and Role)

नेपालका विश्वविद्यालय तथा क्याम्पसहरूमा विद्यार्थीहरूको अधिकार, सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को स्थापना गरिएको हो। विशेषतः प्रजातान्त्रिक आन्दोलनको क्रमसँगै विद्यार्थीहरूलाई संस्थागत रूपमा संगठित गर्दै उनीहरूको आवाजलाई औपचारिक स्वरूप दिन स्ववियुको अवधारणा विकास भएको हो।

नेपालमा स्ववियुको स्थापना गर्नु एउटा संगठन स्थापना गर्नु मात्र नभई विद्यार्थीहरूको हक अधिकार स्थापित गर्न गरिएको ऐतिहासिक संघर्ष थियो। यस सङ्घर्षमा अग्रणी भुमिका खेलेका विद्यार्थी नेताहरू, प्रगतिशिल चिन्तकहरुको त्याग,बलिदान,साहस र दुरदर्शी नेतृत्व प्रति हार्दिक आभार गर्दै अग्रजहरूको मेहनत, हिम्मत र योगदानप्रति हामी सम्मान व्यक्त गर्दछौं । उहाँहरूले देखाएको बाटोमा हिँड्दै, विद्यार्थीहरूको हक–अधिकार र राम्रो शिक्षाका लागि हामी पनि निरन्तर प्रयास गरिरहनेछौँ।

स्ववियुको इतिहास केवल संस्थागत गतिविधिमा सीमित नभई नेपालको राजनीतिक, शैक्षिक र सामाजिक परिवर्तनमा महत्वपूर्ण “Catalyst” (परिवर्तनको चालक शक्ति) को रूपमा काम गरेको छ। यसले विद्यार्थी आन्दोलनलाई केवल क्याम्पसमा सीमित नराखी राष्ट्रिय स्तरको परिवर्तनमा रूपान्तरण गरेको छ। विद्यार्थी आन्दोलनहरूले विभिन्न कालखण्डमा राष्ट्रिय परिवर्तनका महत्वपूर्ण आन्दोलनहरूमा अग्रणी भूमिका खेलेका छन्।

- प्रजातन्त्र स्थापनाका आन्दोलनहरूमा विद्यार्थीहरूको सक्रिय सहभागिता
- शैक्षिक सुधारका लागि निरन्तर संघर्ष
- सामाजिक न्याय, समानता र समावेशीताको पक्षमा आवाज उठाउने परम्परा
- विश्वविद्यालयमा स्वतन्त्रता, पारदर्शिता र उत्तरदायित्वको माग

यी सबै कारणले स्ववियु केवल विद्यार्थी साझा संस्था मात्र नभई परिवर्तनको संवाहक को रूपमा स्थापित भएको छ।

### २.२ स्ववियुको उद्देश्य र कानुनी आधार (Objectives and Legal Basis of the Free Student Union)

स्ववियु विश्वविद्यालयको नियमावली तथा सम्बन्धित कानुनी प्रावधानहरू अन्तर्गत सञ्चालन हुने एक आधिकारिक विद्यार्थीहरुको सझा संस्था हो। यसको प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- विद्यार्थीहरूको हकहित संरक्षण र प्रवर्द्धन
- शैक्षिक गुणस्तर अभिवृद्धि
- विद्यार्थीहरूको सहभागितामूलक निर्णय प्रक्रियामा संलग्नता
- समावेशी, पारदर्शी र उत्तरदायी शैक्षिक वातावरण निर्माण

यसले आफ्नो गतिविधि विश्वविद्यालयको नीति, नियम तथा लोकतान्त्रिक मूल्यमान्यताभित्र रही सञ्चालन गर्दछ।

**२.३ विश्वविद्यालय क्याम्पसमा स्ववियुको भूमिका (Role of the University Campus of FSU)**

स्ववियुले क्याम्पसमा बहुआयामिक भूमिका निर्वाह गर्दै आएको छ:

(क) प्रतिनिधित्वको भूमिका

विद्यार्थीहरूको समस्या, गुनासा तथा सुझावलाई प्रशासनसमक्ष प्रस्तुत गर्ने।

(ख) समन्वयकारी भूमिका

विद्यार्थी, शिक्षक र प्रशासनबीच पुलको रूपमा कार्य गर्ने।

(ग) सुधारमुखी भूमिका

शैक्षिक, प्रशासनिक तथा भौतिक सुधारका लागि पहल गर्ने।

(घ) सचेतना र नेतृत्व विकास

विद्यार्थीहरूमा नेतृत्व क्षमता, सामाजिक एवं राजनैतिक चेतना र जिम्मेवारी विकास गर्ने।

(ङ) सह–शैक्षिक गतिविधि प्रवर्द्धन

खेलकुद, सांस्कृतिक तथा सिर्जनात्मक कार्यक्रमहरूको आयोजना गर्ने।

**२.४ वर्तमान परिवेशमा स्ववियुको भूमिका (Role of the FSU in the Present Context)**

वर्तमान नेपालको राजनीतिक तथा शैक्षिक परिवेश तीव्र रूपमा परिवर्तन भइरहेको सन्दर्भमा, स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) जस्तो ऐतिहासिक संस्था स्वयं पुनर्परिभाषित हुने चरणमा पुगेको छ। परम्परागत दलहरूको कमजोर उपस्थिति, नयाँ राजनीतिक शक्तिहरूको उदय, र “Student Council” वा “Voice of Student” जस्ता वैकल्पिक संरचनाहरूको बहसले स्ववियुको लोकतान्त्रिक चरित्र माथि प्रश्न उठाएको छ। तर, यस्ता बहसहरूका बीच स्ववियुको ऐतिहासिक योगदान र यसको संस्थागत मूल्यलाई नजरअन्दाज गर्नु उचित हुँदैन।

नेपालको राजनीतिक परिवर्तनका हरेक मोडमा स्ववियुले अग्रणी भूमिका खेलेको गर्बिलो इतिहास छ। पञ्चायतकालीन निरंकुशताविरुद्धको आन्दोलनदेखि लिएर बहुदलीय प्रजातन्त्र स्थापना, गणतन्त्र प्राप्ति, र विभिन्न लोकतान्त्रिक आन्दोलनहरूमा विद्यार्थी शक्ति स्ववियु मार्फत ऐतिहासिक भुमिका खेलेको गौरवशाली ईतिहास छ। यसकारण पनि, स्ववियु विद्यार्थीहरूको साझा मञ्चको रुपमा मात्र होईन, नेपालको लोकतान्त्रिक अभ्यासको विद्यालय, नेतृत्व उत्पादन गर्ने थलो, र सामाजिक न्यायको आवाजरुपमा स्थापित संस्था हो।

आजको परिवेशमा स्ववियुको भूमिका झनै सशक्त र सान्दर्भिक बन्न पुगेको छ।

- विद्यार्थी अधिकार र हितको प्रभावकारी प्रतिनिधित्व स्ववियुको मुख्य दायित्व हो। विश्वविद्यालयभित्रका शैक्षिक समस्या, शुल्क संरचना, परीक्षा प्रणाली, अनुसन्धानको पहुँच, तथा रोजगारीसँग जोडिने विषयहरूमा स्ववियुले सशक्त रुपमा आवाज बुलन्द गरेको छ ।  “Voice of Student” वा “Student Council” जस्ता चर्चामा रहेका अवधारणाले पनि यही कुरा खोजिरहेको हो, जुन स्ववियुले नै संस्थागत रूपमा गर्दै आएको छ।
- नीति निर्माणमा विद्यार्थी सहभागिता सुनिश्चित गर्नुपर्छ। विश्वविद्यालय र राज्यका शैक्षिक नीतिहरू निर्माण हुँदा विद्यार्थीको सहभागिता अपरिहार्य हुन्छ। स्ववियुले रचनात्मक दवाव मात्र दिने मात्र नभई वैकल्पिक नीति प्रस्ताव गर्ने, अनुसन्धानमा आधारित सुझाव दिने, र शैक्षिक सुधारको खाका प्रस्तुत गर्ने जिम्मेवारी लिनुपर्छ।
- राजनीतिक चेतना र नेतृत्व विकासको केन्द्रका रूपमा स्ववियु पुनःस्थापित हुनुपर्छ। नयाँ पुस्तामा लोकतान्त्रिक मूल्य, सहिष्णुता, र उत्तरदायित्वको विकास गर्नु पर्छ।  स्ववियुले स्वस्थ राजनीतिक अभ्यास, बहस संस्कार, र वैचारिक स्पष्टताको वातावरण निर्माण गर्नुपर्छ, ताकि नेतृत्व गुण भएका विद्यार्थीहरू उत्पादन होउन्।

- वर्तमान पुस्ता डिजिटल युगमा छ। प्रविधिमैत्री र पारदर्शी संस्था निर्माण गर्नुपर्छ। स्ववियुले आफ्ना गतिविधि, निर्णय प्रक्रिया, र आर्थिक व्यवस्थापनलाई पारदर्शी बनाउँदै डिजिटल प्लेटफर्महरू प्रयोग गर्नुपर्छ। यसले विश्वास बढाउँछ र संस्थाको विश्वसनीयता सुदृढ हुन्छ।
- समावेशी र गैर-दलीय विद्यार्थी आन्दोलनको प्रवर्द्धन गर्नुपर्छ। यद्यपि स्ववियुमा निर्वाचित सदस्यहरू राजनीतिक , वैचरिक रूपमा कुनै आस्थामा आवद्ध हुन सक्छ, तर यसको मूल उद्देश्य सम्पूर्ण विद्यार्थीको प्रतिनिधित्व गर्नु हो। लैंगिक समानता, क्षेत्रीय सन्तुलन, र सबै वर्गको सहभागिता सुनिश्चित गर्नु यसको प्राथमिकता हुनुपर्छ।

अन्ततः “Student Council” वा “Voice of Student” जस्ता नयाँ अवधारणाहरू स्ववियुको विकल्प होइनन्, बरु स्ववियुलाई अझ सुदृढ, उत्तरदायी र आधुनिक बनाउनुपर्ने संकेत हुन्। स्ववियुको खारेजी होइन, यसको संस्थागत सुधार र पुनर्संरचना नै आजको आवश्यकता हो।

यसैले, वर्तमान परिवेशमा स्ववियुको भूमिका विगतको गौरवलाई मात्र जोगाउने होइन, भविष्यको शैक्षिक र राजनीतिक दिशा तय गर्ने नेतृत्वदायी शक्तिका रूपमा उभिनु हो। यदि स्ववियुले आफ्नो ऐतिहासिक विरासतलाई समयानुकूल रूपान्तरण गर्न सक्यो भने, यो संस्था अझै पनि नेपालको लोकतान्त्रिक र शैक्षिक आन्दोलनको मेरुदण्ड बन्न सक्छ।

**२.५ निष्कर्ष (Conclusion)**

समग्र रूपमा, स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को स्थापना, यसको गौरवशाली इतिहास, महत्वपूर्ण घटनाक्रमहरू तथा वर्तमान परिवेशमा यसको विस्तारित भूमिका हेर्दा यो संस्था विद्यार्थीहरूको अधिकार, नेतृत्व विकास, सामाजिक एवं राजनैतिक चेतनाको विकास, र शैक्षिक सुधारको महत्वपूर्ण आधारस्तम्भको रूपमा स्थापित भएको स्पष्ट हुन्छ।

आगामी दिनमा पनि स्ववियुले आफ्नो ऐतिहासिक विरासतलाई आत्मसात गर्दै बदलिँदो समयअनुसार नवीन सोच, रणनीति र कार्यक्रममार्फत विद्यार्थीहरूको हकहित र विश्वविद्यालय सुधारमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

## ३. वर्षभरिका प्रमुख उपलब्धिहरू (Major Achievements)

### ३.१ शैक्षिक एवं प्रशासनिक सुधार (Academic and Administritive Improvements)

- स्वतन्त्र विद्यार्थी युनियनद्वारा विश्वविद्यालयका कुनै पनि निकायमा विद्यार्थीहरूको माग, विमति वा असहमति प्रस्तुत गर्ने क्रममा प्रयोग गरिने तालाबन्दी, प्राध्यापक कर्मचारी दुर्व्यहार र भौतिक संरचना तोडफोड गर्ने आन्दोलनात्मक स्वरूपलाई पूर्ण रूपमा निषेध गर्दै संवाद, छलफल र संस्थागत प्रक्रियामार्फत समस्याको समाधान खोजिने स्वविवुको निर्णय संगै कार्यन्वयन गरिएको छ।
- विद्यार्थीहरूको शैक्षिक कार्यक्रम तथा गतिविधिहरूलाई प्रोत्साहन गर्न, स्रोत व्यवस्थापन र प्रायोजनको व्यवस्था गरिएको छ।
- विद्यार्थी कल्याण (Student Welfare) कार्यक्रमका लागि CSR (Corporate Social Responsibility) मार्फत प्रायोजन व्यवस्था मिलाई सहयोग लिइएको छ।
- त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस कीर्तिपुरका विद्यार्थीहरूको अध्ययनलाई सहज बनाउन पुस्तकालयको नयाँ भवनलाई २४ घण्टा सञ्चालनमा ल्याईएको छ।
- विश्वविद्यालय क्याम्पस कीर्तीपुरका विद्यार्थीहरुलाई Plagiarism जाँचमा लाग्ने शुल्कलाई निशुल्क बनाउन पहल गरिएको छ।
- शिक्षाशास्त्र केन्द्रिय विभाग QAA प्राप्त गर्न सफल भएको छ।
- केन्द्रिय पुस्तकालयसंग समन्वयन गर्दै विश्वविद्यालय क्याम्पसका विद्यार्थिहरुलाई लक्षित गरी Library Orientation कार्यक्रम सफलतापुर्वक कार्यन्वयन गरीएको छ।
- परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा सेवा लिन आएका विद्यार्थीहरूलाई आवश्यक सहजीकरण प्रदान गर्न “Digital Help Desk” स्थापना गरिएको छ।
- व्यवस्थापन केन्द्रीय विभागको नयाँ भवन सञ्चालन तथा फर्निचर व्यवस्थापनका लागि स्रोत सुनिश्चिततासहित पहल गरिएको छ। साथै, कक्षा सञ्चालनलाई प्रभावकारी बनाउन बिहान (Morning) र दिउँसो (Day) गरी दुई सिफ्टमा फर्निचरको व्यवस्थापन भएपश्चात् पठनपाठन सञ्चालन गर्ने व्यवस्था गर्न समेत पहल गरिएको छ।
- सेवा प्रवाहलाई विकेन्द्रीकरण गर्ने स्वविवुको कार्ययोजना अनुरूप विशेष मौका परीक्षा (Golden Chance Exam) परीक्षा नियन्त्रण कार्यालयका प्रादेशिक कार्यालयहरू (क्षेपनिका) सञ्चालनमा रहेका स्थानहरूबाट परीक्षा सञ्चालन सुरु गरिएको छ।
- दीक्षान्त समारोह (Graduation ceremony) सम्बन्धित डीन कार्यालयबाट सञ्चालन गर्ने निर्णय गरिएको छ। साथै, आगामी वर्षदेखि उक्त समारोह डीन कार्यालयमार्फत नै आयोजना गरिने व्यवस्था गरिएको छ।
- अनुसन्धानलाई उत्पादन उद्योगसँग जोड्नका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गतको विजनेस इन्क्युबेसन सेन्टरलाई सशक्त बनाउन पहल गरिएको छ।
- विद्यार्थी,क्याम्पस,कलेजहरुको सहजताका लागि परीक्षा नियन्त्रण कार्यलय बल्खुको आधिकारीक "Youtube Channel " सञ्चालनमा ल्याइएको छ।
- त्रिवि परीक्षा नियन्त्रण कार्यलय बाट सञ्चालन हुने परीक्षालाई त्रिवि वाट स्वीकृत Academic Calendar लाई पुर्ण रुपमा कार्यन्वयन गर्न सहमति गरिएको छ।
- परीक्षा नियन्त्रण कार्यलयबाट उपलब्ध हुने सेवाहरुलाई पुर्ण डिजिटल तथा प्रविधिमैत्री बनाउन र परीक्षा नियन्त्रण कार्यलयका कागजातहरुलाई Digitalized गर्न सहमति गरिएको छ। साथै सेवाग्राहीले सेवा प्राप्त गर्नका लागि भुक्तानी गर्नुपर्ने शुल्कलाई Online प्रणाली (QR Code) मार्फत भुक्तानी गर्ने व्यवस्था गरिएको छ।
- परीक्षा नियन्त्रण कार्यालयवाट उपलब्ध हुने सेवाहरूका सम्बन्धमा प्राविधिक तथा व्यवहारिक पक्षलाई थप प्रभावकारी वनाई वितरण प्रकृयालाई क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय मार्फत सहज र सुलभ वितरण गरिने सहमति पनिकासंग गरिएको छ।

- त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूले परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा सेवा लिन आउँदा भोग्नुपरेका समस्या र गुनासोहरू संकलन गर्ने उद्देश्यसहित "सुझाव संकलन तथा विद्यार्थी सहयोग केन्द्र" सञ्चालन सम्पन्न गरिएको छ।
- पुन:र्योगको नतिजा आवेदन खुलेको ३० दिन भित्रमा प्रकाशन गर्ने र पुन:र्योगको लागि लाग्ने शुल्कमा पुनरावलोकनका लागि केन्द्रीय परीक्षा संचालक समितिमा सिफारिस गर्ने पनिका र स्ववियु विच सहमति गरिएको छ।
- परीक्षा नियन्त्रण कार्यालयबाट प्रदान गरिने सेवाअन्तर्गत ट्रान्सक्रिप्ट,परीक्षा शुल्क, रिटोटलिङ शुल्क लगायत सेवाका भुक्तानीहरू Connect IPS वा Nepal Pay को QR मार्फत सहज रूपमा गर्न सकिने व्यवस्था गरिएको छ।
- परीक्षा नियन्त्रण कार्यालयवाट उपलब्ध हुने सेवाहरूलाई चुस्त दुरुस्त वनाउन कार्यरत कर्मचारीहरूलाई सेवा प्रति थप उत्तरदायी वनाउन सेवा प्रवाह तथा कार्यसम्पादन सम्बन्धी तालिम उपलब्ध गराउन पहल गरिएको छ।
- विज्ञान तथा प्रविधि क्षेत्रका विद्यार्थीहरूलाई आधुनिक, एकीकृत र प्रयोगात्मक अनुसन्धानका लागि आवश्यक पूर्वाधार उपलब्ध गराउन, व्यवहारिक ज्ञान र अनुसन्धान क्षमतालाई सुदृढ बनाउन तथा नवप्रवर्तन (innovation) र वैज्ञानिक अध्ययनलाई प्रवर्द्धन गर्ने उदेश्यले Tribhuvan University अन्तर्गत रहेको Institute of Science and Technology (IOST) का लागि Center Integrated Lab निर्माण प्रक्रियालाई अघि बढाइएको छ।
- Tribhuvan University का केन्द्रीय विभाग तथा अनुसन्धान केन्द्रहरूबीच अन्तरसम्बन्ध स्थापित गरी सहकार्यात्मक अनुसन्धान (collaborative research) कार्यलाई सुदृढ बनाउने उद्देश्यले निर्देशकको सहजकर्तामा Academic and Proposal Writing and Publication शीर्षकमा एकदिने सेमिनार सम्पन्न गरिएको छ। उक्त सेमिनारले अनुसन्धान लेखन, प्रस्ताव तयारी तथा प्रकाशन प्रक्रियासम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्दै शैक्षिक गुणस्तर सुधार र अनुसन्धान संस्कृतिको विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।
- विश्वविद्यालय विचार,सिद्दान्त र सृजनात्मक बहस को केन्द्र भएको हुदा विश्वविद्यालयको शैक्षिक,प्रशासनिक,प्राज्ञिक एवं नीतिगत उन्नयनका लागि विश्वविद्यालय विमर्श कार्यक्रमको निरन्तरता दिईएको छ।

### ३.२ नीतिगत पहल (Policy Interventions)

- प्रत्येक डिन कार्यालयमा Research and Placement Cell रहने व्यवस्था सुनिश्चित गर्न उक्त विषयलाई नीति तथा कार्यक्रममा समावेश गर्ने पहल गरिएको छ।
- अनुसन्धानलाई उत्पादन/उद्योगसँग जोड्नका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गतको इन्क्युबेसन सेन्टरलाई सशक्त बनाउन पहल गरिएको छ।
- स्ववियुको पहल पश्चात् त्रिभुवन विश्वविद्यालय का विद्यार्थीहरूले प्रत्येक प्रादेशिक अस्पतालमार्फत स्वास्थ्य बीमा सेवा प्राप्त गर्न सक्ने व्यवस्था सुचारु गरिएको छ। जसमा कायम रहेको १,००,००० उपचार सिमालाई ५,००,०००० लाख कायम गर्ने गरि नेपाल सरकार र त्रिभुवन विश्वविद्यालय विच सम्झौता भई कार्यन्वयनको चरणमा रहेको छ।
- त्रिभुवन विश्वविद्यालय ले केन्द्रीय विभागका विद्यार्थीहरूलाई प्राथमिकतामा राख्दै कम्तिमा वार्षिक दुई वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठी तथा सेमिनारहरू आयोजना गर्ने व्यवस्था सुनिश्चित गर्न पहल गरिएको छ।
- त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर छात्रावास सञ्चालनका निमित् छात्रावास सञ्चालन सम्बन्धी कार्यविधि २०८२ तयार गरी कार्यन्वयनमा ल्याईएको छ।
- भौतिकशास्त्र केन्द्रिय विभागको विद्यार्थीहरू कुनै एक सेमेस्टरमा कुनै विषयमा अनुत्तीर्ण भएमा शोधप्रबन्ध (Thesis) गर्न नपाइने प्रावधानलाई संशोधन गरी, अनुत्तीर्ण भए तापनि शोधप्रबन्ध (Thesis) गर्न सक्ने व्यवस्था विद्यापरिषदबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याइएको छ।
- चौथो सेमेस्टरको नतिजा प्रकाशित हुनुअघि नै थेसिस डिफेन्स गर्न पाउने व्यवस्था त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्बाट निर्णय गराई व्यवस्थापन संकायमा कार्यान्वयनमा ल्याइसकिएको छ। साथै, सोही व्यवस्था अन्य संकायहरूमा समेत कार्यन्वयन गर्न आवश्यक पहल गरिएको छ।
- स्ववियुको दबाब र समन्वयपछि सवारी साधनहरूमा सरकारी मापदण्डअनुसार सेतो नम्बर प्लेट लागू गरिएको छ।यस कदमले सवारी साधनहरूको प्रयोगलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउँदै दुरुपयोग नियन्त्रणमा ल्याएको छ।

- विश्वविद्यालयका प्राध्यापकहरूको शैक्षिक उत्तरदायित्व, अनुसन्धानात्मक योगदान र शिक्षण गुणस्तर सुनिश्चित गर्न Academic Audit सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न सम्बन्धित निकायलाई आवश्यक पहल तथा दबाब पश्चात् नीति तथा योजना कार्यक्रममा समावेश गरिएको छ।
- त्रिताल आयोगको प्रतिवेदन सार्वजनिकका लागि दवाव, सार्वजनिक पश्चात् धन्यवाद, संगै कार्यन्वयनका लागी विश्वविद्यालय विमर्श मार्फत ध्यानकर्षण सहितको सन्देश पश्चात् त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति गैरकानुनी रूपमा कब्जा/प्रयोग गरिरहेका व्यक्ति, संस्था वा निकायहरूलाई ३५ दिनभित्र खाली गरी विश्वविद्यालयलाई फिर्ता गर्न विश्वविद्यालय द्वारा आग्रह गरिएको छ। निर्धारित समयभित्र फिर्ता नगरेमा कानुनअनुसार कारबाही गरिने जानकारी समेत गराईएको छ।
- विदेशी विश्वविद्यालयसंग शैक्षिक सहकार्य विस्तार गर्दै क्रेडिट ट्रान्सफर प्रणालीलाई नीति तथा कार्यक्रममा व्यवस्था गर्न पहल गरिएको छ।

**३.३ भौतिक पूर्वाधार सुधार (Infrastructure Development)**

- नेपाल विद्युत् प्राधिकरण र त्रिभुवन विश्वविद्यालय बीच भएको सम्झौताको शीघ्र कार्यान्वयनका लागि गरिएको दबाबपछि त्रिभुवन विश्वविद्यालय परिसर वरपरका सडक बत्तीहरू असोज महिनाबाट सञ्चालनमा आएका छन्। जसमा ५६ वटा नयाँ पोल संगै एउटा High mast light जडान गरिएको छ।
- शिक्षा संकायको अगाडिपट्टि, नेपाल बैंकको शाखा कार्यालयसँगैको स्थानमा नेपाल बैंक लिमिटेडको एटिएम (ATM) जडान गरि प्रयोग मा ल्याईएको छ।
- ईश्वरीकन्या छात्रावास मा १०० भन्दा बढी सिट व्यवस्थापन गर्नका निमित्त पुरानो सेवा आयोगको भवन पुनर्निर्माण गरी आउने सत्रबाट सञ्चालनमा ल्याउने तयारी गरिएको छ, जसले महिला विद्यार्थी आवास व्यवस्थापनमा उल्लेखनीय सुधार ल्याउने अपेक्षा गरिएको छ।
- कान्ति छात्रावास को ब्लक ‘ख’ निर्माणका लागि लागत अनुमान (Cost Estimation) सम्पन्न भइसकेको छ। साथै, छात्रवासको घेरा पर्खाल निर्माणका लागि आवश्यक लागत अनुमान पनि तयार भइसकेको छ, जसले आगामी निर्माण कार्यलाई छिट्टै अघि बढाउने आधार तयार गरेको छ।
- त्रिभुवन विश्वविद्यालय परिसरको सौन्दर्यकरण तथा पैदल यात्रुको सुरक्षाका लागि व्यवस्थित सडक पेटी निर्माण का लागि टेन्डर प्रक्रिया सम्पन्न भई निर्माणको कार्य सुरू हुन लागेको छ। साथै, विश्वविद्यालयको Master Plan Map निर्माणका लागि समेत पहल गरिएको छ।
- विश्वविद्यालय परिसरमा बढ्दो सवारी चाप व्यवस्थापन गर्न चारवटा Dedicated Parking स्थल निर्माणका लागि DPR तयार गरिएको छ, जसले सुरक्षित पार्किङ र प्रभावकारी ट्राफिक व्यवस्थापनमा सहयोग गर्नेछ।
- कान्ती छात्रावास (Boys Hostel)मा सवारी साधनको व्यवस्थापनलाई व्यवस्थित बनाउन पार्किङ स्थल निर्माण गरी सञ्चालनमा ल्याइएको छ।
- कान्ति छात्रावास (Boy’s Hostel) परिसरमा भलिबल कोर्ट निर्माण गरिएको छ।
- सुरक्षालाई ध्यानमा राख्दै कान्ति छात्रावास पछाडिको झाडी सफाइ गरी डोजरमार्फत माटो सम्याउने कार्य सम्पन्न गरिएको छ। साथै, सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउन आठवटा सिसिटिभी क्यामेरा जडान गर्नुका साथै स्ट्रीट लाइटसमेत विस्तार गरिएको छ।
- ईश्वरी कन्या छात्रावास (Girls Hostel)मा चारवटा तथा कान्ती छात्रावास (Boys Hostel)मा तीनवटा शौचालयहरूको स्तरउन्नति गरी आवासीय सुविधालाई थप स्वच्छ, सुरक्षित र व्यवस्थित बनाइएको छ।
- क्रिकेट एसोसिएसन अफ नेपाल (CAN) सँगको समन्वयमा ईस्वरी कन्या छात्रावासमा तारजाली (वर्क फेन्सिङ) मार्फत सुरक्षा व्यवस्था गरिएको छ।
- युनिभर्सिटी क्याम्पस प्रवेश द्वारका लागि आँखा अस्पताल अगाडि प्रवेश गेट निर्माण गर्ने उद्देश्यले विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको छ।
- युनिभर्सिटी क्याम्पस परिसरभित्रका सहायक सडकहरूको कालोपत्रका लागि पुरानो टेन्डर रद्द गरी पुनः रिटेन्डर प्रक्रिया अघि बढाइएको छ। साथै त्रिभुवन विश्वविद्यालय परिसर भित्र विद्यार्थिको सुरक्षा सहज आवातजावत तथा समग्र क्याम्पस वातावरणलाई व्यवस्थित बनाउन परिसरभित्र सडकका खाल्डाखुल्डीहरुको मर्मत पुराईका लागि काठमान्डौ सडक डिभिजनसंगको समन्वयनमा कार्यन्वयन गरिएको छ।
- सुवर्ण शमशेर पार्कलाई सडक पूर्वाधारमैत्री बनाई दुर्घटनारहित क्षेत्रका रूपमा विकास गर्ने उद्देश्यले विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको छ।

- बिग्री भण्डार, गणित केन्द्रीय विभाग अगाडिको भवन र व्यवस्थापन केन्द्रीय विभाग अगाडिका तीनवटा अनधिकृत भवनहरू भत्काइएको छ।
- Tribhuvan University अन्तर्गत रहेको Central Department of Botany का लागि आवश्यक भवन निर्माण तथा पूर्वाधार विकासका लागि बजेट सुनिश्चितताका सम्बन्धमा पहल गरिएको छ।

**३.४ विद्यार्थी कल्याण कार्यक्रम (Student Welfare)**

- Rotaract Tribhuvan University, Rotaract, र Club of KIST Medical College को सहकार्यमा स्वास्थ्य शिविर २०८२ आयोजना सम्पन्न गरिएको छ। उक्त शिविरअन्तर्गत आँखा परीक्षण, सामान्य स्वास्थ्य परीक्षण तथा रक्तदान कार्यक्रम सञ्चालन सम्पन्न गरिएको छ।
- विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले "Summer Bootcamp Academic Program" सञ्चालन गरिएको छ। यस कार्यक्रमअन्तर्गत Academic and Proposal Writing, Publication, Microsoft Office Package तथा Artificial Intelligence: Use and Ethics सम्बन्धी तालिम तथा सत्रहरू आयोजना सम्पन्न गरिएको छ।
- विद्यार्थीहरूमा पूँजी बजारसम्बन्धी आधारभूत तथा व्यवहारिक ज्ञान अभिवृद्धि गर्न, लगानीसम्बन्धी सचेतना फैलाउन तथा वित्तीय साक्षरता बढाउने उदेश्यले ७ दिने Stock Market Workshop सफलतापूर्वक सम्पन्न गरिएको। कार्यक्रममार्फत सहभागीहरूलाई शेयर बजारको संरचना, लगानीका आधारभूत सिद्धान्तहरू, जोखिम व्यवस्थापन, प्राविधिक तथा आधारभूत विश्लेषण (Technical & Fundamental Analysis) लगायतका विषयहरूमा व्यावहारिक जानकारी प्रदान गरिएको थियो। साथै, भविष्यमा जिम्मेवार र सचेत लगानीकर्ता उत्पादन गर्ने तथा आर्थिक क्षेत्रमा दक्ष जनशक्ति विकासमा योगदान पुर्‍याउने लक्ष्य समेत राखिएको थियो।
- डिजिटल संसारलाई सुरक्षित, जिम्मेवार तथा सचेत रूपमा प्रयोग गर्ने आवश्यकतालाई मध्यनजर गर्दै Digital Rights Nepal सँगको सहकार्यमा “Digital Adhikar: Know Your Rights, Protect Your Future” कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ। उक्त कार्यक्रममार्फत डिजिटल अधिकार, गोपनीयता संरक्षण, अनलाइन सुरक्षाका उपायहरू तथा जिम्मेवार डिजिटल व्यवहारसम्बन्धी महत्वपूर्ण विषयहरूमा सहभागीहरूलाई सचेतना प्रदान गरिएको छ, जसले डिजिटल युगमा सुरक्षित र सशक्त नागरिक निर्माणमा टेवा पुर्‍याउने विश्वास लिइएको छ।
- विद्यार्थीहरूमा व्यावसायिक लेखा (Accounting) सम्बन्धी व्यवहारिक ज्ञान र सीप अभिवृद्धि गर्न, आधुनिक लेखा प्रणालीबारे स्पष्ट बुझाइ विकास गर्न तथा रोजगारी उन्मुख दक्षता बढाउने उदेश्यले १० दिने Professional Accounting Workshop 2026 आयोजना गरिएको छ। कार्यक्रममार्फत सहभागीहरूलाई लेखा व्यवस्थापन, कर प्रणाली (Taxation), अडिट प्रक्रिया, वित्तीय प्रतिवेदन तयार गर्ने तरिका लगायतका विषयहरूमा व्यवहारिक प्रशिक्षण प्रदान गरिनेछ।
- त्रिभुवन विश्वविद्यालयका सम्पूर्ण केन्द्रीय विभाग तथा निकायहरूमा सेनिटरी भेन्डिङ मेसिन जडान गर्ने सम्बन्धमा परिपत्र जारी गरिएको छ। साथै, नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट त्रिवी अन्तर्गतका क्याम्पसहरूलाई एक सयभन्दा बढी सेनिटरी भेन्डिङ मेसिन उपलब्ध गराउने र विश्वविद्यालय क्याम्पस, कीर्तिपुरलाई दुईवटा मेसिन प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।
- ३ सय जना विद्यार्थी लक्षित Cadet Course सञ्चालनका लागि पहल गरिएको छ। उक्त कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न नेपाली सेना र विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयबीच आवश्यक समन्वय तथा सहकार्य विस्तार गर्ने तयारी गरिएको छ। साथै, यस सम्बन्धमा औपचारिक सम्झौता (MoU) को मस्यौदा तयार पार्ने कार्य अघि बढाइएको छ।
- विद्यार्थी आन्दोलनका रूपमा उठान हुने असहमति, विमति तथा विश्वविद्यालयसँग सम्बन्धित विविध समस्याहरूलाई व्यवस्थित, मर्यादित र संस्थागत ढंगले एकै स्थानबाट सम्बोधन गर्न सकिने dedicated civic space व्यवस्था गर्नका लागि पहल गरिएको छ।
- Tribhuvan University को छात्रवृत्ति (Scholarship) सम्बन्धी प्रावधानलाई कार्यान्वयन गर्दै फरक क्षमता भएका विद्यार्थीहरूका लागि पूर्ण छात्रवृत्ति व्यवस्था लागू गरिएको छ। यस व्यवस्था अन्तर्गत स्ववियुको पहलमा हालसम्म दर्जनभन्दा बढी विद्यार्थीहरूले छात्रवृत्तिबाट लाभ लिइसकेका छन्, जसले समावेशी शिक्षा र समान अवसरको सुनिश्चिततामा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

- सृजनात्मक, बौद्दिक तथा शैक्षिक कार्यक्रमहरु, कला र मनोरञ्जन, सामाजिक तथा सचेतनामूलक कार्यक्रमहरुका लागि नेपाली केन्द्रिय विभाग संगको समन्वयनमा Open Theatre स्थापना गर्न पहल गरिएको छ।
- मनोविज्ञान केन्द्रिय विभागका विद्यार्थिहरुलाई काउन्सिलिङ सेवा प्रदान गर्न कार्यकक्ष सहितको सुविधा उपलब्ध गराइएको छ।
- केन्द्रीय आमसञ्चार तथा पत्रकारिता विभागसँग समन्वय गरी स्वतन्त्र विद्यार्थी युनियनले Podcasts सञ्चालनमा ल्याउने तयारी गरीएको छ ।

**३.५ अतिरिक्त क्रियाकलाप (Extracurricular Activities)**

- विद्यार्थीहरूमा खेलकुदप्रतिको रुचि अभिवृद्धि गर्ने, शारीरिक तथा मानसिक स्वास्थ्य सुदृढ बनाउने, अनुशासन तथा नेतृत्व क्षमता विकास गर्ने तथा आपसी सद्भाव, एकता र सहकार्यको भावना प्रवर्द्धन गर्ने उद्देश्यले स्वविवि कप २०८२ सफलतापूर्वक आयोजना गरिएको छ। उक्त प्रतियोगिताअन्तर्गत फुटसल, भलिबल, बास्केटबल, क्रिकेट, ब्याडमिन्टन, टेबल टेनिस, म्याराथन, टग अफ वार, चेस, कबड्डी लगायत विभिन्न खेलहरू सञ्चालन गरिएको थियो।
- सांस्कृतिक परम्पराको संरक्षण, प्रवर्द्धन तथा विद्यार्थीहरूबीच आपसी सद्भाव, एकता र सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्यले देउसी–भैलो कार्यक्रम २०८२ सफलतापूर्वक सम्पन्न गरिएको छ। उक्त कार्यक्रममार्फत नेपाली मौलिक संस्कृति, चाडपर्वको महत्व तथा सामाजिक एकताको सन्देशलाई उजागर गर्दै सामूहिक सहभागिता र सांस्कृतिक जागरणलाई प्रवर्द्धन गरिएको छ।
- विद्यार्थीहरूबीच आपसी सद्भाव, मित्रता र सहकार्यको भावना अभिवृद्धि गर्ने तथा शैक्षिक तनावबाट केही समयका लागि मानसिक विश्राम प्रदान गर्ने उद्देश्यले बनभोज कार्यक्रम २०८२ आयोजना गरिएको छ। उक्त कार्यक्रमले विद्यार्थीहरूलाई अनौपचारिक वातावरणमा एकआपसमा घुलमिल हुने अवसर प्रदान गर्नुका साथै सामूहिकता, समन्वय र सामाजिक सम्बन्धलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।
- Tribhuvan University अन्तर्गत रहेको जनप्रशासन क्याम्पसद्वारा आयोजना गरिएको इन्टर कलेज क्रिकेट टुर्नामेन्टमा University Campus Kirtipur को तर्फबाट क्रिकेट टिम सहभागी गराइएको छ।
- याङ्थुङ युवा मञ्चद्वारा आयोजित फुटसल प्रतियोगितामा University Campus Kirtipur को तर्फबाट महिला टिम सहभागी गराइएको छ।
- Tribhuvan University द्वारा आयोजित उपकुलपति कप (VC Cup) प्रतियोगितामा University Campus, Kirtipur वाट आयोजित खेलहरूमा खेलाडी विद्यार्थीहरूलाई सक्रिय रूपमा सहभागी गरिएको छ।

**३.६ सामाजिक कार्य (Social Work)**

- Gen Z विद्रोहका नाममा विध्वंस गरिएको कीर्तिपुर प्रहरी वृत्तको पुनःस्थापनाका लागि उपकुलपति कार्यालयसंगको समन्वयनमा आवश्यक फर्निचर तथा डेस्कटप सामग्री उपकुलपतिको कार्यालयको सहकार्यमा सहयोग प्रदान गरिएको छ।
- Nepal Premier League (NPL) को आयोजना सम्पन्न पश्चातको सरसफाइ कार्यक्रम पत्रकार Rishi Dhamala को उपस्थितिमा सफलतापूर्वक सम्पन्न गरिएको छ। उक्त सरसफाइ अभियानले प्रतियोगिता पश्चात् खेलमैदान तथा आसपासको वातावरणलाई स्वच्छ, व्यवस्थित र सफा राख्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। साथै, सामाजिक उत्तरदायित्व र सार्वजनिक स्थानको सरसफाइप्रति सचेतना अभिवृद्धि गर्ने सन्देशसमेत प्रवाह गरिएको छ ।

**३.७ संस्थागत प्रतिष्ठा अभिवृद्धि (University Prestige Enhancement)**

- समग्र Tribhuvan University का विद्यार्थीहरूको तर्फबाट ५०औँ दीक्षान्त समारोहको अवसरमा प्रमुख अतिथिका रूपमा पाल्नु भएका Novel Laureate Prof. Dr. Takaaki Kajita लाई सम्मान तथा कृतज्ञता स्वरूप मायाको चिनो प्रदान गरिएको छ र भौतिकशास्त्र केन्द्रीय विभागमा स्वागत र अनुभव ग्रहण गर्ने अवसर प्राप्त भयो |

## ४. आर्थिक प्रतिवेदन (Financial Report)

त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० परिच्छेद ८१ ८२ ८३ को नियम ३५७ मा गरिएको आर्थिक व्वयस्था अनुसार नियमित लेखा परीक्षण पक्रिया द्वारा खाता सञ्चालन गरी विधिवत् हिसाव राखिएको छ।

### ४.१ प्रारम्भिक अवस्था (Opening Balance)

स्ववियुको खाता हस्तान्तरण गर्दाको अवस्थामा रहेको रकम:
रू २९,८६,३२२

आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परिक्षण:

श्री स्वतन्त्र विद्यार्थी [illegible] विश्वविद्यालय केन्द्रीय क्याम्पस

मिति २०८[illegible] ०१ [illegible] २०८२ [illegible] गते सम्मको

| प्राप्ती विवरण | रकम | भुक्तानी विवरण | रकम रु. |
|---|---|---|---|
| सुरुको मौज्दात | | [illegible] भुक्तानी | |
| बैंक मौज्दात | - | Inter-Departmental FSU Cup 2081: | |
| नगद मौज्दात | १२,४६९ | पुरस्कार वितरण | ३६४,००० |
| जम्मा | १२,४६९ | खेल अफिसियल खर्च | ११३,१०० |
| | | कार्यक्रम संचालन खर्च | १६४,४०६ |
| यस बर्षको आम्दानी तथा प्राप्त नगद | | फुटबल कोर्ट भाडा | १९,३०० |
| त्रि वि विश्वविद्यालय क्याम्पसबाट सापटी | ४,१८४,०१५ | पानी खर्च | २,४७५ |
| लोचन आइ एम ई बाट सि एस आर सहयोग | ५१,००० | जम्मा(क) | ६६३,१८१ |
| स्वविवु शुल्क : | | तीज गीत नृत्य प्रतियोगिता कार्यक्रम: | |
| केन्द्रीय व्यवस्थापन विभाग | १२१,३०० | कार्यक्रम संचालन खर्च | १५०,००० |
| भौतिकशास्त्र केन्द्रीय विभाग | ९१,५०० | पुरस्कार वितरण | ४५,००० |
| केन्द्रीय रसायन विभाग | ५८,९०० | निर्णायक मण्डल भत्ता | १७,५०० |
| केन्द्रीय राजनीतिक शास्त्र विभाग | ४३,९०० | जम्मा (ख) | २१२,५०० |
| ललितकला केन्द्रीय विभाग | २४,४०० | निबन्ध लेखन प्रतियोगिता: | |
| पर्यावरण केन्द्रीय विभाग | २१,०५० | पुरस्कार वितरण | १६,००० |
| अंग्रेजी केन्द्रीय विभाग | १९,३०० | निर्णायक मण्डल भत्ता | ९,००० |
| केन्द्रीय जैव प्रौद्योगिकी विभाग | १२,६०० | जम्मा (ग) | २५,००० |
| केन्द्रीय समाजशास्त्र विभाग | १२,००० | अन्य खर्च: | |
| केन्द्रीय सङ्गणक विज्ञान र सूचना प्रविधि विभाग | १०,९०० | सहयोग | २६९,२०० |
| केन्द्रीय मनोविज्ञान विभाग | ९,४०० | खाजा खर्च | १०६,७०२ |
| नेपालको इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभाग | ८,६०० | कर्यालय खर्च | ८२,३९७ |
| केन्द्रीय पुस्तकालय तथा सूचना विज्ञान विभाग | ८,५०० | सुझाव पेटिका | ५४,२४० |
| केन्द्रीय सूक्ष्मजीव विज्ञान विभाग | ८,०४० | भिडिओ छायांकन खर्च | २५,५०० |
| केन्द्रीय मानवशास्त्र विभाग | ८,००० | प्रशिक्षण खर्च | ३,००० |
| केन्द्रीय भूविज्ञान विभाग | ७,४०० | जम्मा (घ) | ५४१,१०९ |
| इतिहास केन्द्रीय विभाग | ४,५०० | | |
| संस्कृत केन्द्रीय विभाग | ४,३०० | जम्मा खर्च (क+ख+ग+घ) | १,४४१,७९० |
| केन्द्रीय बौद्ध अध्ययन विभाग, त्रिभुवन विश्वविध्यालय | ४,२०० | | |
| केन्द्रीय भूगोल विभाग | ३,८०० | | |
| नेपाली केन्द्रीय विभाग | २,७०० | | |
| जलविज्ञान र मौसमविज्ञान केन्द्रीय विभाग | १,९०० | अन्तिम मौज्दात : | |
| हिन्दी केन्द्रीय विभाग | १,४०० | बैंक मौज्दात | ३,३८२,९१२ |
| भाषाविज्ञान केन्द्रीय विभाग | १,००० | नगत मौज्दात | - |
| जम्मा यस बर्षको आम्दानी तथा प्राप्त नगद | ४,७२४,६०५ | जम्मा मौज्दात | ३,३८२,९१२ |
| टि.डि.एस. तिर्न बाँकी | ८७,६२८ | | |
| जम्मा | ४,८२४,७०२ | जम्मा | ४,८२४,७०२ |

सन्चमाया सुब्बा
कोषाध्यक्ष

दिपक राज जोशी
अध्यक्ष

**४.२ चालु आर्थिक वर्षको आम्दानी (Income)**

| आम्दानी स्रोत | रकम (रु) |
|---|---|
| विभागहरूबाट जम्मा (२६ विभाग) | ४,२३,२९० |
| Secured Security Ltd. (Sponsor) | ७९,९९२ |
| स्ववियु कप २०८२ दर्ता शुल्क (हालसम्म प्राप्त कुल रकम) | ६८,८०० |
| जम्मा आम्दानी | ५,७२,०८२ |

**४.३ कुल उपलब्ध रकम (Total Fund Available**

| विवरण | रकम (रु) |
|---|---|
| प्रारम्भिक मौज्दात | २९,८६,३२२ |
| चालु आम्दानी | ५,७२,०८२ |
| जम्मा | ३५,५८,४०४ |

**४.४ कुल खर्च (Total Expenditure)**

| क्र सं | खर्च शिर्षक | रकम (रु ) |
|---|---|---|
| १ | कार्यलय खर्च | १६,००५ |
| २ | कार्यलय हस्तान्तरण गर्दा व्यवस्थापन सामग्री खर्च | १०,८४० |
| ३ | स्वास्थ्य शिविर | १५,२०० |
| ४ | शैक्षिक कार्यक्रम | २,८१,१५० |
| ५ | विश्व जनजाती दिवस | १३,७८० |
| ६ | श्रमदान तथा सरसफाई | ४,९०० |
| ७ | पनिका सहायता कक्ष (Help Desk) | १४,७०० |
| ८ | सहिद स्मरण दिप प्रज्वलन | १,४६० |
| ९ | Urban Garden | १३,९६२ |
| १० | कार्यालय सामग्री (मादल क्याल्कुलेटर क्यामरा) | २,०६,४५९ |
| ११ | Stationary | १७,१०५ |
| १२ | Graduation/ Farwell Help Desk | ८,५०० |
| १३ | आर्थिक सहयोग | ४६,२०० |
| १४ | खेलकुद सामग्री | ३,५८,२१९ |
| १५ | भलिबल मैदान निर्माण | १५,७३९ |
| १६ | स्ववियु कप २०८२ | १०,६५,३२८.७० |
| १७ | विमर्श | ८,२०० |
| १८ | पानी | ६,५४० |
| १९ | विविध | ३,००० |
| | जम्मा | २१,०७,२८७.७ |

**४.५ हालको मौज्दात (Current Balance)**

| विवरण | रकम (रु ) |
|---|---|
| कुल उपलब्ध रकम | ३५,५८,४०४ |
| कुल खर्च | २१०७२८७.७ |
| बाँकी रकम (वचत) | १४५१११७ |

**४.६ बैंक तथा नगद विवरण (Bank and Cash Position)**

| विवरण | रकम रु |
|---|---|
| बैंक मौज्दात | १३,८१,७५३ |
| नगद मौज्दात | ६९३६३ |
| जम्मा | १४,५१,११७ |

**४.७ अन्य विवरण**

स्वविवि कप दर्ता शुल्क उठ्न बाँकी: रु १,२९,९००

हालसम्म प्राप्त कुल रकम: रु ६८,८००

**४.८ निष्कर्ष**

यस आर्थिक वर्षमा स्वविवियुले विभिन्न शैक्षिक, प्रशासनिक तथा अतिरिक्त क्रियाकलापहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै वित्तीय अनुशासन कायम गरेको छ। उपलब्ध स्रोतहरूको समुचित उपयोग गर्दै हालसम्म उल्लेखनीय रकम बचत गर्न सफल भएको देखिन्छ।

## ५. चुनौतीहरू (Challenges)

स्ववियु (स्वतन्त्र विद्यार्थी युनियन) विश्वविद्यालयभित्र विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने महत्वपूर्ण संस्था भए पनि यसको प्रभावकारी कार्यसम्पादनमा विभिन्न चुनौतीहरू देखएका छन्।

- **प्रशासनिक ईच्छाशक्ति:** प्रशासनिक प्रक्रियामा देखिएको ढिलाइ र सुस्त कार्यशैलीका कारण शैक्षिक तथा प्रशासनिक सेवा प्रवाह अपेक्षित रूपमा प्रभावकारी बन्न नसकेको अवस्था देखिएको छ। आवश्यक निर्णय, फाइल प्रक्रिया तथा कार्यान्वयन चरणमा हुने ढिलाइले विद्यार्थी तथा सरोकारवालाहरूले समयमै सेवा प्राप्त गर्न कठिनाइ भोग्नुपरेको छ। यसले समग्र संस्थागत कार्यक्षमता, सेवा प्रवाहको गुणस्तर तथा शैक्षिक वातावरणमा समेत प्रत्यक्ष असर पारेको देखिन्छ, जसका कारण प्रशासनिक सुधार र प्रक्रियागत सरलता अत्यावश्यक भएको स्पष्ट हुन्छ।
- **बजेट अभाव**: आवश्यक बजेटको अभावका कारण शैक्षिक गुणस्तर अभिवृद्धि, अनुसन्धान तथा नवप्रर्वतन, पूर्वाधार विकास तथा विद्यार्थी केन्द्रित कार्यक्रमहरू अपेक्षित रूपमा सञ्चालन हुन नसकेको अवस्था रहेको छ।
- **विद्यार्थी सहभागिता कमी**: स्ववियुले शैक्षिक सुधार, प्रशासनिक पारदर्शिता, तथा अतिरिक्त क्रियाकलाप (extra-curricular activities) प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गरे पनि अपेक्षित रूपमा विद्यार्थीहरूको सक्रिय सहभागिता देखिँदैन।
- **स्थानीय स्तरबाट अवरोध**: कतिपय अवस्थामा स्थानीय हस्तक्षेपका कारण विश्वविद्यालयको स्वायत्तता, शैक्षिक स्वतन्त्रता तथा आन्तरिक व्यवस्थापनमा असर पर्ने अवस्था समेत देखिएको छ। स्ववियुले अघि सारेका विभिन्न सुधारका कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा स्थानीय स्तरमा अवरोधहरू सामना गर्नुपर्छ। कतिपय अवस्थामा स्थानीय स्वार्थ, राजनीतिक एहस्तक्षेप, वा परिवर्तनप्रति प्रतिरोधका कारण कार्यक्रमहरू अवरुद्ध हुने गर्छन्। यसले योजनाहरूको निरन्तरता र प्रभावकारितामा नकारात्मक असर पार्छ र स्ववियुको नेतृत्व क्षमतामा चुनौती थप्छ।
- **विश्वविद्यालयका निकायहरूको असहयोग र अस्वीकार्यता**:विश्वविद्यालयका विभिन्न प्रशासनिक तथा शैक्षिक निकायहरू विद्यार्थि प्रतिनीधिहरुलाई स्वीकार नगर्ने वा स्ववियुको भूमिकालाई सीमित गर्न खोज्ने प्रवृत्ति देखिन्छ। विद्यार्थीका माग तथा सुझावहरूलाई गम्भीरतापूर्वक नलिने, निर्णय प्रक्रियामा स्ववियु/विद्यार्थी प्रतिनिधि सहभागिता नहुने, तथा सुधारका प्रस्तावहरूलाई कार्यान्वयनमा लैजान अनुदार हुनु जस्ता व्यवहारहरूले स्ववियुको अधिकार र प्रभावलाई कमजोर बनाउँछ। यसले विद्यार्थी र प्रशासनबीचको दूरी बढाउँछ र संस्थागत सहकार्यमा अवरोध सिर्जना गर्छ।
- **पूर्वाधारको सीमितता:** शैक्षिक तथा विद्यार्थि कल्याणका कार्यक्रमहरु सञ्चालन गर्दा सुविधा सम्पन्न हल तथा आवश्यक पुर्वाधारको अभावका कारण कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन हुन सकेका छैनन्। यसले विद्यार्थिको क्षमता अभिवृद्दि तथा समग्र विकासमा समस्या सिर्जना गरेको छ।

## ६. सम्भावना तथा अवसरहरू (Opportunities)

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) का सम्भावना र अवसरहरूलाई संस्थागत, शैक्षिक तथा विकासमुखी दृष्टिले व्यापक रूपमा विस्तार गर्न सकिने विभिन्न क्षेत्रहरू रहेका छन्।

- **डिजिटल प्रणाली विस्तार:** डिजिटल प्रणालीको विस्तारमार्फत सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल, पारदर्शी र पहुँचयोग्य बनाउने ठूलो अवसर रहेको छ। यसले सूचना व्यवस्थापन, विद्यार्थी सेवा, गुनासो दर्ता, कार्यक्रम दर्ता तथा प्रशासनिक समन्वयलाई सहज र छिटो बनाउने सम्भावना प्रदान गर्दछ।
- **निजी–सार्वजनिक साझेदारी**: निजी–सार्वजनिक साझेदारी (Public–Private Partnership) को माध्यमबाट शैक्षिक पूर्वाधार विकास, तालिम कार्यक्रम, रोजगारमुखी सीप विकास तथा अनुसन्धान सहयोग विस्तार गर्न सकिने अवसर रहेको छ । यसले स्ववियुको प्रभावकारिता र दिगोपनालाई बलियो बनाउँछ।
- **विद्यार्थी नवप्रवर्तन (innovation):** विद्यार्थी नवप्रवर्तन (Student Innovation) लाई प्रोत्साहन गर्दै स्टार्टअप, अनुसन्धान परियोजना, आइडिया इन्क्युबेशन र टेक्नोलोजी आधारित समाधान विकास गर्ने वातावरण निर्माण गर्न सकिने सम्भावना रहेको छ । यसले विद्यार्थीलाई सिर्जनशील र आत्मनिर्भर बनाउन मद्दत गर्छ।

- **राष्ट्रिय/अन्तर्राष्ट्रिय सहकार्य**: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य विस्तार गरेर ज्ञान आदान–प्रदान, संयुक्त अनुसन्धान, शैक्षिक भ्रमण तथा अन्तर्राष्ट्रिय विद्यार्थी एक्सचेन्ज कार्यक्रमहरू सञ्चालन गर्ने अवसर रहेको छ। यसले विद्यार्थीलाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउने आधार तयार पार्छ।

## ७. सिकाइ (Lessons Learned)

- सफल कार्यक्रमहरूबाट सिकाई (Learning from successful Program):
  स्ववियु तथा विश्वविद्यालय अन्तर्गत सञ्चालन गरिएका सफल कार्यक्रमहरूबाट विभिन्न महत्वपूर्ण सिकाइहरू प्राप्त भएका छन्। यस्ता कार्यक्रमहरूले व्यवस्थापन, कार्यान्वयन र सहभागिताको दृष्टिले संस्थागत क्षमतामा सकारात्मक प्रभाव पारेका छन्।
  - ➢ कार्यक्रमको सफलताका लागि स्पष्ट योजना, समयमै तयारी र समन्वय अत्यन्त आवश्यक रहेको कुरा स्पष्ट भएको छ। योजनाबद्ध ढंगले अघि बढाइएका कार्यक्रमहरूमा विद्यार्थी सहभागिता उच्च देखिएको र परिणाम प्रभावकारी भएको अनुभव गरिएको छ।
  - ➢ विद्यार्थीहरूको सक्रिय सहभागिताले कार्यक्रमलाई सफल बनाउन निर्णायक भूमिका खेल्ने कुरा सिकिएको छ। जहाँ विद्यार्थीको अपनत्व र संलग्नता बढी हुन्छ, त्यहाँ कार्यक्रम अझ प्रभावकारी र दीगो बन्ने देखिएको छ।
  - ➢ विभिन्न निकायहरूबीचको सहकार्य (विभाग, प्रशासन, external stakeholders) ले कार्यक्रमको गुणस्तर र पहुँच दुवै बढाउने देखिएको छ।
  - ➢ डिजिटल प्रणाली र प्रविधिको प्रयोगले कार्यक्रम व्यवस्थापन, सूचना प्रवाह र पारदर्शिता बढाउन महत्वपूर्ण भूमिका खेल्ने कुरा पनि स्पष्ट भएको छ।
- कमजोरी र सुधारका क्षेत्रहरू (Challenges and Areas for Improvement):
  सफलतासँगै केही चुनौती तथा सुधार गर्नुपर्ने क्षेत्रहरू पनि पहिचान भएका छन् । चुनौतीहरुको पहिचान संगै भविष्यका कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउदै सुधार गर्न मार्गदर्शन गर्दछ।
  - ➢ कतिपय अवस्थामा प्रशासनिक समन्वय कमजोर हुँदा निर्णय प्रक्रियामा ढिलाइ हुने समस्या देखिएको छ, यसलाई सुधार गरी छिटो निर्णय प्रणाली विकास गर्न आवश्यक छ।
  - ➢ केही कार्यक्रमहरूमा स्रोत–साधन (financial and physical resources) को अभावका कारण अपेक्षित स्तरमा कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ।
  - ➢ विद्यार्थी सहभागिता सबै कार्यक्रममा समान रूपमा सुनिश्चित हुन नसक्नु अर्को कमजोरीका रूपमा देखिएको छ, यसलाई थप प्रेरणामूलक र समावेशी कार्यक्रममार्फत सुधार गर्नुपर्ने आवश्यकता छ।
  - ➢ अनुगमन र मूल्यांकन प्रणाली कमजोर हुँदा कार्यक्रमको दीर्घकालीन प्रभाव मापन गर्न कठिनाइ भएको देखिन्छ, यसलाई व्यवस्थित M&E (Monitoring and Evaluation) प्रणालीमार्फत सुधार गर्नुपर्छ।
  - ➢ कतिपय अवस्थामा सूचना प्रवाह स्पष्ट र समयमै नहुँदा भ्रम तथा असमझदारी उत्पन्न हुने समस्या देखिएको छ, यसलाई डिजिटल सञ्चार प्रणालीमार्फत समाधान गर्न सकिन्छ।

## ८. आगामी योजना (Future Plans)

आगामी योजनाअन्तर्गत स्वतन्त्र विद्यार्थी युनियनद्वारा विद्यार्थी विकास, शैक्षिक सशक्तीकरण, नवप्रवर्तन र पूर्वाधार विस्तारलाई केन्द्रमा राख्दै बहुआयामिक कार्यक्रमहरू अघि बढाउने योजना प्रस्तुत गरिएको छ।

- **TU Fest**: शैक्षिक, सांस्कृतिक तथा प्रविधिमूलक गतिविधिहरूलाई संस्थागत रूपमा प्रवर्द्धन गर्ने उदेश्यले जेष्ठ ३ गते देखि ९ गते सम्म TU Fest आयोजना गर्ने योजना रहेको छ। Tribhuvan University स्तरीय यो महोत्सवले विश्वविद्यालय, विश्वविद्यालयका विभिन्न आङ्गिक क्याम्पस तथा केन्द्रीय विभागका विद्यार्थीहरूलाई एउटै साझा मञ्चमा ल्याई उनीहरूको प्रतिभा, सिर्जनशीलता र नवप्रवर्तनलाई उजागर गर्ने उद्देश्य राखेको छ।
  TU Fest अन्तर्गत सांस्कृतिक प्रस्तुति, शैक्षिक प्रदर्शनी, विज्ञान तथा प्रविधि प्रोजेक्ट शोकेस, नवप्रवर्तन (innovation) प्रदर्शनी, स्टार्टअप आइडिया प्रस्तुति, बहस प्रतियोगिता, साहित्यिक कार्यक्रम तथा खेलकुद गतिविधिहरू जस्ता विविध कार्यक्रमहरू समेटिनेछन्। यसले

विद्यार्थीहरूबीच अन्तरक्याम्पस सहकार्य, सांस्कृतिक विविधताको सम्मान, नेतृत्व विकास तथा सामाजिक एकताको भावना मजबुत बनाउने अपेक्षा गरिएको छ। साथै, विश्वविद्यालयको शैक्षिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अझ सशक्त रूपमा प्रस्तुत गर्न समेत महत्वपूर्ण भूमिका खेल्नेछ।

- **स्वविवु पार्क**: विद्यार्थीहरूको मानसिक स्वास्थ्य, सामाजिक सहकार्य र मनोरञ्जनात्मक वातावरणलाई प्रवर्द्धन गर्न स्वविवु पार्क स्थापना गर्ने योजना अघि सारिएको छ। यसले विद्यार्थीहरूलाई अध्ययनसँगै विश्राम, छलफल र सामूहिक गतिविधिका लागि खुला र सुरक्षित स्थान उपलब्ध गराउनेछ।
- अनुसन्धान संस्कृतिलाई प्रोत्साहन गर्न थेसिस ग्रान्ट प्रणाली अन्तर्गत विशेष कोष स्थापना गर्ने योजना रहेको छ, यसले स्नाकोत्तर तहका विद्यार्थीहरूलाई अनुसन्धान कार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नेछ।
- ज्ञान संरक्षण र प्रविधिमैत्री अध्ययन वातावरण निर्माणका लागि डिजिटल आर्काइभ, पोडकास्ट रुम तथा स्वविवु–केन्द्रित डिजिटल लाइब्रेरी स्थापना गर्ने योजना अघि सारिएको छ। यसले शैक्षिक सामग्रीलाई डिजिटल रूपमा सुरक्षित, पहुँचयोग्य र आधुनिक बनाउनेछ।
- नवप्रवर्तनलाई संस्थागत रूपमा अघि बढाउन IT Park तथा AI Hub स्थापना गर्न विश्वविद्यालयलाई स्पष्ट नीति निर्माण र कार्यान्वयनका लागि पहल गर्ने योजना रहेको छ। यसले विद्यार्थीहरूलाई प्रविधि, अनुसन्धान र स्टार्टअप संस्कृतिमा संलग्न हुन प्रेरित गर्नेछ।
- खेलकुद पूर्वाधार विकासका लागि Integrated Sports Centre वा Sports Zone निर्धारण गरी विश्वविद्यालयस्तरका प्रतियोगिताहरू, जस्तै VC Cup लगायतका खेलकुद कार्यक्रमहरू व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक भौतिक संरचना निर्माणका लागि पहल गर्ने योजना रहेको छ। यसले खेलकुदलाई संस्थागत, व्यवस्थित र प्रतिस्पर्धात्मक बनाउनेछ।
- सीप–आधारित प्रशिक्षण कार्यक्रम (Skill-Based Training Programs): Summer and Winter Bootcamp मार्फत सिपमा आधारित प्रशिक्षण कार्यक्रमहरू व्यवहारिक ज्ञान र रोजगारमुखी दक्षता विकास गर्ने उद्देश्यले सञ्चालन गरिने तालिमहरू हुन्। यस्ता कार्यक्रमले विद्यार्थीहरूलाई केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी व्यवहारिक सीप, प्राविधिक क्षमता र पेशागत दक्षता प्रदान गर्दछ।यसले रोजगारीको अवसर बढाउनुका साथै उद्यमशीलता विकास र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ।
- अध्ययन कक्ष "Open Study Glass Room" निर्माणका लागि पहल गरिनेछ।
- 24 Hours Knowledge Sharing कक्षमा रुपमा विद्यार्थि मैत्री भवनभित्र Digital Room सुचारु गरिनेछ।

यी सबै योजनाहरूले विश्वविद्यालयलाई शैक्षिक केन्द्र मात्र नभई नवप्रवर्तन, अनुसन्धान, संस्कृति र खेलकुदको समग्र विकास गर्ने एक गतिशील र आधुनिक संस्थाको रूपमा रूपान्तरण गर्न महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

## ९. निष्कर्ष (Conclusion)

यस एक वर्षे अवधिमा स्वविवु अन्तर्गत सञ्चालन गरिएका शैक्षिक, प्रशासनिक, पूर्वाधार विकास, खेलकुद, सांस्कृतिक तथा नीतिगत पहलहरूले विश्वविद्यालयको समग्र प्रगतिमा सकारात्मक योगदान पुर्‍याएको देखिन्छ। विद्यार्थी केन्द्रित कार्यक्रमहरू, डिजिटल प्रणालीको विस्तार, अनुसन्धान तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने प्रयासहरूले संस्थागत सुदृढीकरणतर्फ महत्वपूर्ण आधार तयार गरेका छौं।

यद्यपि केही क्षेत्रमा प्रशासनिक ढिलाइ, स्रोत–साधनको सीमितता र कार्यान्वयनगत चुनौतीहरू अझै कायम रहेका छन्, जसलाई क्रमिक सुधारमार्फत सम्बोधन गर्न आवश्यक छ। समग्रमा, यी प्रयासहरूले विश्वविद्यालयलाई अझ गतिशील, समावेशी र आधुनिक शैक्षिक केन्द्रका रूपमा अघि बढाउन सकारात्मक दिशा प्रदान गरेको अनुभुति गरेका छौं।

## १०. धन्यवाद ज्ञापन (Acknowledgement)

यस अवधिमा कार्यक्रम तथा गतिविधिहरू सफलतापूर्वक सम्पन्न गर्न निरन्तर सहयोग, समन्वय र साथ दिनुहुने विद्यार्थी साथीहरू, क्याम्पस प्रशासन, सबै शिक्षक–प्राध्यापक, कर्मचारी, तथा सहकार्य गर्ने विभिन्न संस्था र व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

उहाँहरूको सक्रिय सहभागिता, सुझाव र सहयोग बिना यी उपलब्धिहरू सम्भव हुने थिएनन्। आगामी दिनहरूमा पनि यस्तै सहकार्य र समन्वय निरन्तर रहने अपेक्षा गर्दै पुनः हार्दिक आभार व्यक्त गर्दछौं।

**११. परिशिष्ट (Annex)**













University Dialogues












Health Camp











Summer Bootcamp 2082







\




Group Activities







Honoring Nobel laurate Prof Dr. Takaaki kajita and after fruitful session at TU CDP.







A candle-lighting program was held in honor of Gen Z martyrs, paying tribute to their sacrifice & furniture, computers, and a printer were provided to the Area Police Office, Kirtipur to support its services for post protest scenarios.















Regular Activities






Digital Rights workshop 2083




ट्राफिक प्रहरी प्रभाग
कीर्तिपुर, काठमाण्डौं
२०६३
मो.नं.: ९८४३३४८७१२
ट्राफिक हटलाईन: १०३






स्वतन्त्र विद्यार्थी युनियन युनियन (स्व.वि.यु)
विश्वविद्यालय क्याम्पस, कीर्तिपुर
सुझाब संकलन तथा सेवा केन्द्र
Student Help Desk
Members



Activities


















Sports Activities